शिवालय गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
## सिमा जाजरकोट
## कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: ०७८/७९
चलानी नम्बर: १

मिति २०७८।०५।२०

विषय: आलेप प्रतिवेदन पठाइएको

श्री शिवालय गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय सिमा जाजरकोट

प्रस्तुत विषयमा यस शिवालय गाउँपालिकाको आ.व. २०७७।०७८ को वजेट उपशिर्षक नं ८०६६६५०४५०१ र ८०६६६५०४००१ को २०७७ श्रावण १ देखि २०७८ आषाढ मसान्त सम्मको पेश भएका श्रेस्ताहरुको आन्तरिक लेखा परीक्षण सम्पन्न गरीएको छ । सम्पूर्ण श्रेस्ताहरु अध्ययन गर्दा देखिएका ब्यहोराको प्रतिवेदन पाना २५ सात यसै पत्र साथ संलग्न राखि पठाइको ब्यहोरा अनुरोध छ । स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७७ को उपदफा २ मा स्थानीय तहले आफ्नो आय र व्ययको आन्तरिक लेखा परीक्षण गराउनुपर्ने भन्ने व्यवस्था छ ।सोही ऐनको उपदफा ३ मा आन्तरिक लेखा परीक्षणले औंलाएका कैफियत सम्बन्धित अधिकारीले अन्तिम लेखा परीक्षण हुनु भन्दा अगावै सम्परीक्षण गराउनु पर्ने व्यवस्था रहेकोले सोही अनुसार गर्नु गराउन हुन अनुरोध छ ।

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परीक्षक

(उपेन्द्र प्रसाद ढुंगाना)
आ.ले.प. सहायक पाँचौ

<u>वोधार्थ:</u>
श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय सिंहदरवार काठमान्डौं : प्रतिवेदन संलग्न छ।
श्री महालेखा परीक्षकको कार्यालय डोरमुकाम जाजरकोट : प्रतिवेदन संलग्न छ ।
श्री महालेखा नियन्त्रकको कार्यालय अनामनगर काडमान्डौं: प्रतिवेदन संलग्न छ।।
श्री कोष तथा लेखा नियन्त्रकको कार्यालय जारकोट : प्रतिवेदन संलग्न छ।

CamScanner

अनुदान अनुसुचि ७४

नियम ६० को उपनियम (१) को खण्ड (क) संग सम्वन्धित

**आन्तरिक लेखापरिक्षण प्रतिवेदन**

शिवालय गाउँ कार्यपालिकाको कार्यालय, सिमा, जाजरकोट

प्रतिबेदन अवधि मिति २०७७ श्रावन १गते देखि २०७८ असार मसान्त सम्म

कार्यालय प्रमुखको नामः नर बहादुर वि.क  २०७८।२।१ देखि २०७८असार मसान्त

कार्यालय प्रमुखको नामः अनिल कुमार पाण्डे २०७७।०४।०१ देखि २०७८वैशाख मसान्त

आर्थिक प्रशासन शाखा प्रमुखः बिस बहादुर वुढा

आ.ले.प. शाखा प्रमुखः उपेन्द्र प्रसाद ढुङ्गाना

कार्यालयको नाम: शिवालय गाँउपालिका सिमा जाजरकोट ।

| दफा | गो.भौ. न. मिति र ब्यहोरा | वेरुजु रकम |
|---|---|---|
| | अन्तरिक लेखापरिक्षणको वार्षिक लेखापरिक्षण अन्तर्गत स्विकृत भएको ईकाइगत लेखापरिक्षण योजना बमोजिम कार्यालयको आर्थिक वर्ष २०७७।०७८ को यस कार्यालयकमा कारोबारको पेश भए सम्मको श्रेस्ता लयायत प्रमाण कागजात समेतका आधारमा आन्तरिक लेखापरिक्षण गर्दा देखियको व्यहोरा उपर कार्यालय प्रमुख एवम लेखा प्रमुख र विभिन्न शाखा प्रमुखको उपस्थितिमा २०७८।०५।२० मा छलफल गरी कायम भएको व्यहोरा निम्न अनुसार देखिएको छ। | |
| | **परिचय** - स्थानीय परिचयः शिवालय गाउँपालिका जाजरकोट जिल्लाको पश्चिम भागमा रहेको गाउँपालिका हो। नेपालको संघिय शासन प्रणाली अन्तर्गत राज्य पुनरसंरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका ३ वटा गाविसहरु सिमा, थालारैकर र जुंगाथापाचौर गाविसहरु मिलेर स्थापना भएको हो। यो गाउँपालिका जातिगत तथा सांस्कृतिक रुपमा विशिष्टता र बिविधता बोकेको गाउँपालिका हो।यो गाउँपालिकाम मुख्य रुपमा क्षेत्री र त्यसपछि क्रमश ठकुरी, वाहुन, मगर, सन्यासी लगायत अन्य विभिन्न जातीको बसोबास रहेको छ। स्थानीय जीवनशैली, परम्परागत संस्कृति, प्राकृतिक स्रोत-साधन, पर्यटनको प्रचुर संभावना, जल तथा काठजन्य वन क्षेत्रको पर्याप्तता शिवालय गाउँपालिकाको प्रमुख विशेषता हो। यो गाउँपालिकाको जिल्लाको कुल क्षेत्रफल २२२३.३५ वर्ग | |

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

अनुदान अनुसुचि ७४

नियम ६० को उपनियम (१) को खण्ड (क) संग सम्वन्धित

आन्तरिक लेखापरिक्षण प्रतिवेदन

शिवालय गाउँ कार्यपालिकाको कार्यालय, सिमा, जाजरकोट

प्रतिबेदन अवधि मिति २०७७ श्रावन १गते देखि २०७८ असार मसान्त सम्म

कार्यालय प्रमुखको नामः नर बहादुर वि.क   २०७८।२।१ देखि २०७८असार मसान्त

कार्यालय प्रमुखको नामः अनिल कुमार पाण्डे २०७७।०४।०१ देखि २०७८वैशाख मसान्त

आर्थिक प्रशासन शाखा प्रमुखः बिस बहादुर बुढा

आ.ले.प. शाखा प्रमुखः उपेन्द्र प्रसाद ढुङ्गाना

कार्यालयको नाम: शिवालय गाँउपालिका सिमा जाजरकोट ।

| दफा | गो.भौ. न. मिति र ब्यहोरा | वेरुजु रकम |
|---|---|---|
| | अन्तरिक लेखापरिक्षणको बार्षिक लेखापरिक्षण अन्तर्गत स्विकृत भएको ईकाइगत लेखापरिक्षण योजना बमोजिम कार्यालयको आर्थिक वर्ष २०७७।०७८ को यस कार्यालयकमा कारोबारको पेश भए सम्मको श्रेस्ता लयायत प्रमाण कागजात समेतका आधारमा आन्तरिक लेखापरिक्षण गर्दा देखियको व्यहोरा उपर कार्यालय प्रमुख एवम लेखा प्रमुख र विभिन्न शाखा प्रमुखको उपस्थितिमा २०७८।०५।२० मा छलफल गरी कायम भएको व्यहोरा निम्न अनुसार देखिएको छ। | |
| | **परिचय** - स्थानीय परिचयः शिवालय गाउँपालिका जाजरकोट जिल्लाको पश्चिम भागमा रहेको गाउँपालिका हो। नेपालको संघिय शासन प्रणाली अन्तर्गत राज्य पुनरसंरचनामा स्थानीय तहको नयाँ सिमांकन गर्दा यो गाउँपालिका साविकका ३ वटा गाविसहरु सिमा, थालारैकर र जुंगाथापाचौर गाविसहरु मिलेर स्थापना भएको हो। यो गाउँपालिका जातिगत तथा सांस्कृतिक रुपमा बिशिष्टता र बिविधता वोकेको गाउँपालिका हो।यो गाउँपालिकाम मुख्य रुपमा क्षेत्री र त्यसपछि क्रमश ठकुरी, वाहुन, मगर, सन्यासी लगायत अन्य विभिन्न जातीको बसोबास रहेको छ। स्थानीय जीवनशैली, परम्परागत संस्कृति, प्राकृतिक स्रोत-साधन, पर्यटनको प्रचुर संभावना, जल तथा काठजन्य वन क्षेत्रको पर्याप्तता शिवालय गाउँपालिकाको प्रमुख विशेषता हो। यो गाउँपालिकाको जिल्लाको कुल क्षेत्रफल २२२३.३५ वर्ग | |

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

किलोमिटर मध्य १३४.२६ अर्थात १२% भु भाग ओगटेको छ। यातायातको हिसावले भर्खर मात्र यो गाउँपालिकामा मौसमी यातायात संचालन हुने गरी वाटो निर्माण कार्य भइरहेको छ।

स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी कार्यकारणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न र स्थानीय सरकारको संचालन गर्न शिवालय गाँउपालिकाको स्थापना भएको हो। स्थानीय सरकारले संचालन गर्ने हरेक कार्यमा सहकारिता सहअस्तित्व र समन्वयलाई प्रर्वद्धन गर्नु र स्थानीय सरकारका हरेक काममा जनसहभागिता उत्तरदायित्व पारर्दशिता सुनिश्चित गरी नागरिकलाई लाभको वितरणमा सुलभ र गुणस्तरिय सेवा प्रदान गर्नु यसको उद्धेश्य रहेको छ ।यो गाँउपालिका अर्न्तगत ९वाडा ४७ गाँउ सभा सदस्य २४९२ घरधुरी १६६३२ जनसंख्या तथा ६नम्बर प्रदेशमा अवस्थित छ।

आन्तरिक लेखा परिक्षणमा पेश भएको श्रस्ता तथा आर्थिक कारोवारको जोखिम विश्लेषण लेखापरिण नीति मापदण्ड ब्यवसरथापन प्रतिनिधित्व पत्र लेखापरिक्षण मार्ग दर्शन व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरिएको स्वीकृत लेखा पररिक्षण योजना कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखा परिक्षण सम्पन्न गरिएको छ ।लेखापरिक्षणको जिम्मेवारी लेखापरिक्षणको निष्कर्ष सहित प्रतिवेदन जारि गर्नु हो भने आर्थिक कारोवार र वित्तिय विवरणको सुद्धताको जिम्मेवारी ब्यावस्थापन पक्षको छ । उत्त आधारमा लेखा परिक्षण सम्मपन्न गरी देखिएको ब्याहोरा उपर मिति २०७८।०५।२० मा ब्यवस्थावन संग छलफल गरी कायम भएक ब्यहोरा निम्न अनुसार छन ।

१ वित्तिय विवरण विश्लेषण

**वित्तिय विवरण** -- स्थानीय सरकार संचालन २०७४को दफा ७२मा गाँउपालिका तथा नगरपालिकाले प्रत्येक बर्षको साउन १गते देखि आगामी बर्षको साउन मसान्त महिना सम्मको अबधिलाई आर्थिक वर्ष कायम गरी आय व्ययको हिसाव राख्नु पर्दछ ।सोहि ऐनको दफा ६९मा तोकिय अनुसार गाँउपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्यप्रणालीको व्यवस्थापन गर्नु पर्दछ ।यस सम्बन्धमा देखियको व्यहोरा देहाय बमोजिम छ ।

स्थानीय सरकार संचालन ऐन २०७४ को नियम ७२ को २मा नेपाल सरकारले निर्धारण गरे बमोजिम आय ब्ययको बर्गिकरण तथा खर्च सम्बन्धि ब्यावस्था अबलम्वन गर्नु पर्ने तथा नियम ७२ को २ मा महालेखापरक्षक बाट स्विकृत भएको ढाँचामा लेखा राख्नु पर्ने ब्यवस्था गरेकोमा यस पालिकाले २०७६।०२।१९मा महालेखा परिक्षक बाट स्वीकृत भएको NEPSAS based ढाचाँमा प्रतिवेदन तथा लेखांकन गरेको पाईएन ।

त्यसैले तोकिय बमोजिमका वित्तिय विवरणहरु तथा खाताहरु अध्याबधिक गरी आय व्ययको बास्तविक स्थिति देखिने गरी लेखाङकन गर्नु पर्दछ ।

२

उपेन्द्र प्रसाद ढुंगाना
आन्तरिक लेखा परिक्षक

CS CamScanner

**संविधान कार्यान्वयन:** नेपालको संविधान २०७२ को अनुसूची ८ र९मा व्यावस्था भएका एकल अधिकार तथा साझाअधिकार कार्यान्वयनमा अध्यान गर्दा आ व २०७७।७८ को अन्त सम्म अन्य विषयमा गाँउपालिका प्रवेश गरी ऐन नियम र कार्यविधि निर्माण तथा निर्माणको सुरुवात गरेता पनि निम्न विषयमा गाँउपालिकाले उल्लेखनिय प्रगति गरेको देखिएन।संविधानले प्रदान गरेका अधिकार र कार्यक्षेत्रमा आफ्नो काम र कर्तव्यलाई व्यावस्थित गरी कार्यानुवयनमा आउन आवश्यक कानुन वनाई समृद्ध नेपाल निर्माणमा गाँउपालिका अझै सक्रिय हुनुपर्ने देखियो।

प्रवेश नगरेका विषयहरु

| सि.न. | विषय | कैफियत |
|---|---|---|
| १ | नगर प्रहरीको व्यवस्था | नभएको |
| २ | स्थानिय अभिलेख व्यवस्थापन | सुचारु |
| ३ | एफ एम सञ्चालन | नभएको |
| ४ | स्थानिय तथ्यांक र अभिलेख संकलन | पुर्ण लागु नभएको |
| ५ | घर जग्गा धनी पूर्जा वितरण | नभएको |
| ६ | खानी तथा खनिज | नभएको |
| ७ | पुरातत्व, प्राचिन स्मारक र संग्रहालय | नभएको |
| ८ | सुकुम्बासी व्यवस्थापन | नभएको |

३ **जिन्सी सम्बन्धी व्यवस्थापन:**-आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ५० (३) अनुसार जिन्सी निरीक्षण प्रतिवेदन प्राप्त भए पछि कार्यालय प्रमुखले त्यस्तो प्रतिवेदनको १ प्रति तालुक कार्यालयमा पठाउनु पर्ने व्यवस्था छ । तालुक कार्यालयले त्यस्तो समेतलाई विचार गरी सो आवधी भित्र कुनै निर्देशन प्राप्त नभएमा लिलाम विक्री गर्नु पर्ने माल सामान ६ महिना भित्र र मर्मत सम्भार गर्नु पर्ने भए ३ महिना भित्र गरी सक्नु पर्ने व्यवस्था छ । गाउपालिकाबाट प्राप्त जिन्सी निरीक्षण प्रतिवेदनले दिएको निम्न सुझावहरुलाई कार्यान्वयनमा ल्याउनु पर्ने देखियो ।

- कार्यालयको आवश्यक सामानहरु एक मुष्ट माग गरी शाखा प्रमुखको सिफारिसको आधारमा उपलब्ध गराउने ।
- सामानहरुको समुचित किसिमले प्रयोग गर्ने व्यवस्था मिलाउने ।
- गाँउपालिकाले मर्मत गर्नु पर्ने र लिलाम विक्री गर्नु पर्ने सामानको विवरण छुट्टाई राख्नु पर्ने ।

यथोचित समयमा सवारी साधनको मर्मत गराउन पर्ने, लिलामको कारवाही अगाडी बढाउनु पर्ने ।

४ **आन्तरिक नियन्तण प्रणाली** -- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम

उपेन्द्र प्रसाद ढुंगाना
आन्तरिक लेखा परीक्ष

CamScanner

| | | |
|---|---|---|
| | स्थानीय तहले आफ्नो कार्यालयवाट सम्पादन गरिने कार्य मितव्ययी, प्रभावकारी, नियमितता र दक्षतापुर्ण ढंगबाट सम्पादन गर्न र वित्तिय प्रतिवेदन प्रणालीलाई विश्वसनिय वनाउन तथा प्रचलित कानून वमोजिम कार्य सम्पादन गर्न आ-आफ्नो कामको प्रकृती अनुसारको आन्तरिक नियन्त्रण प्रर्णाली तयार गरि कार्यान्वयनमा ल्याउनुपर्ने व्यवस्था छ  गाउपालिकाको आन्तरीक नियन्त्रण व्यवस्थाको मुल्याकंनगर्दा अग्रिम आयकर कट्टि रकम समयमा दाखिला नगरेको, भ्रमण, कन्टिन्जेन्सी रकममा योजना अनुसार अभिलेख नराखेको, कन्टिनजेन्सी बाट खर्च लेख्दा चालु र पूँजीगत रकम नछुट्टयाएकों,, खरीद योजना नबनाई कार्य गरीएको, योजनाको अनुगमन प्रभावकारी नभएको, जस्ता कैफियत देखिएका छन । कार्यालयको प्रचलित नियमको पालना गरि आन्तरिक नियन्त्रण प्रणाली सुदृढ नाउनु पर्दछ । | |
| | बजेट तथा कार्यक्रम | |
| ५ | **बजेट पेश पारित र अख्तियारी** - स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आ.बको राजश्व र व्ययको अनुमान कार्यापालिकाबाट स्वीकृत गराइ असार १० गते भित्र पेश गर्ने र यस पेश भएको बजेट छलफल गरि असार मसान्त भित्र सभाबाट पारित गर्नु पर्ने व्यवस्था छ | |
| ६ | **अबण्डा बजेट** -स्थानीय सरकार संचालन ऐन २०७४ बमोजिम स्थानीय आर्थिक अबस्था समेतका आधारमा वजेट तथा कार्यक्रमको प्राथमिकिकरणका आधारमा तयार गरी स्रोत अनुमान तथा सिमा निर्धारण समितिका आधारमा अवणडा नराखी आय व्ययको अनुमान पेश गर्नु पर्ने ब्यवस्था छ ।यस स्थानीय तहले समपुरक कोषको रु.१४००००००।अवण्डा राखेको छ।बजेट अबण्डामा राखी कार्यउपालिकाको निर्णय वाट खर्च गर्ने प्रकृया नियन्त्रण गर्नु पर्दछ । | |
| ७ | **बजेट सिमा निर्धारण समिती** -- स्थानीय सरकार संचालन ऐन २०७४ को दफा ६६ (१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय राज्व बाँडफाँड वाट प्राप्त हुने रकम अनुदान ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित विवरण र बजेटको खाका र बजेट सिमा निर्धारण गर्न सात सदस्यीय स्रोत अनुमान तथा बजेट सिमा निर्धारण समिति गठनको ब्यबस्था छ ।उत्त समितिले आयको प्रक्षेपण साधनको सन्तुलित वितरणको खाका बजेटको कुल सिमा बजेटको क्षेत्रगत सिमा निर्धारण बजेट तथा कार्यक्रमको प्राथामिकीकरण विषय क्षेत्रगत बजेट तर्जुममा मार्गदर्शन तय गर्नु पर्ने जस्ता कार्यहरु फाल्गुन महिना भित्र सम्पन्न गरि सक्नु पर्ने र बजेट प्रक्षेपण गर्दा | |
| ८ | **वित्तीय विवरण**–स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्यवयको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणालीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्वन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन्<br>• स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छ । | |

CamScanner

| | | |
|---|---|---|
| | • लेखापरीक्षणका क्रममा बैंक नगदी किताव तथा पेश्की खाता अद्यावधिक नरहेको कारण स्थानीय तहले पेश गरेको आय–व्यय विवरण यथार्थ मान्न सक्ने अवस्था छ ।<br>• स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे वमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्वन्धी व्यवस्था अवलम्वन गर्नु पर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए वमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकवाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको पाईएन ।<br>त्यसैले तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गर्नुपर्दछ । | |
| ९ | **बैक हिसाब मिलान गरेको**– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) वमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो वमोजिम मासिक रुपमा स्रेस्ता र वैक खाताको हिसाव मिलान विवरण तयार गरी हससाव मिलान गरेको छ । | |
| १० | **सम्पत्ति हस्तान्तरण** : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७, ९८र१०४अनुसार विषयगत कार्यालयको चलअचल सम्पत्ति, दायित्व तथा अभिलेख उक्त कार्यालयहरु समाहित भएका पालिकामा स्वतःहस्तान्तरण हुने व्यवस्थाछ। यसरी हस्तान्तरण हुने सम्पूर्ण सम्पत्तिको अभिलेख तथा जिन्सी लगत खाता२०७५असार मसान्त भित्र स्थानीयतहले तयार गरी प्रतिवेदन तयार गर्नुपर्ने व्यवस्था गरे कोमा यसपालिकाले सम्पत्तिको अभिलेख तथा जिन्सीलगत तयार नगरेको, कम्प्युटर, ल्यापटप, प्रिन्टर, मोवाईल फोनसेट र अन्य फर्निचर जस्ता मूल्यवान समानहरु जिम्मेवारी सारेको पाईएन। यसरी जिन्सी मालसामानको आम्दानीन जनाउँदा जिन्सीमाल सामानहरु हराउने र हिनामिना हुनसक्ने हुँदा खरिद गरिएका मालसामानहरुको प्रकृति अनुसार सम्वन्धित जिन्सीखातामा आम्दानी जनाई जिन्सी खाता अद्यावधिक गर्नुपर्दछ। | |
| ११ | **बजेट तथा कार्यक्रम तर्जुमाः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ६७(१) मा४सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएतापनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रम बीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनु पर्दछ। | |
| १२ | **गत वर्षको दायित्व** -आर्थिक कार्यविधि नियमावली, २०६४को नियम४०(७) बमोजिम चालु वर्षको वजेटले नखाम्ने गरी खर्च गर्न नहुने र खर्च भएको अवस्थामा कार्यालय प्रमुख र सम्वन्धित कोष तथा लेखानियन्त्रक कार्यालयबाट श्रावण१५गते भित्र भुक्तानी बाँकी को विवरण प्रमाणीत गरी राख्नुपर्ने | |

उपेन्द्र प्रसाद
अन्तरिक लेखा परिक्षक

CS CamScanner

व्यवस्था छ ।स्थानीय तहले २०७७।७८मा विभिन्न संस्था,उपभोक्ता समिति,फर्महरु लाई रु.२००९७३१ भुक्तानी दिन बाँकी रहेको विवरण राखीका र्यालय प्रमुखबाट प्रमाणीत गराएको आधारमा यो वर्ष(२०७७।७८)को वजेटमा गत वर्षको भुक्तानीको लागिवजेट व्यवस्थान गरेको अवस्थामा समेत उक्त रकम भुक्तानी गरेको पाइयो। वार्षिक वजेटले नखाम्ने गरी योजना एवं कार्यक्रमको लागि सम्झौता गरेको कारण निकै ठुलो रकम भुक्तानी दिन बाँकी रहेको देखिएकोले वार्षिक वजेटले बहु वर्षीय कार्यक्रम स्वीकृत गरेको अवस्थामा वाहेक यस प्रकारको दायित्व सिजर्ना हुने गरी खर्च नगर्न व्यवस्था मिलाउनु पर्दछ।

क्षेत्रगत बजेट र खर्चको स्थिति: स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७७।७८ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | बाकि | खर्च प्रतिशत जम्मा खर्चको तुलनामा |
|---|---|---|---|---|---|
| १ | आर्थिक विकास | १५०६३००० | १२२७८००० | २७८५००० | ८१.५% |
| २ | पूर्वाधार विकास | ९४४००० | ०० | ९४४००० | ०% |
| ३ | सामाजिक विकास | १६३०५८००० | १४३७३६००० | १९३२१०००० | ८८.१५% |
| ४ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ४३६२६००० | ४०९२७००० | २६९९००० | ९३.८१% |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ६६४३७००० | ५६०२७००००० | १०४१०००० | ८४.३३% |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा स बैभन्दा वढी प्रतिशत र संस्थागत विकास, सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटी प्रतिशत रहेको छ।

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

**लक्ष्य प्रगतिः** कार्यालयले चौमासिक र वार्षिक स्तरका प्रगती विवरण बनाई पेश गर्नु पर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रिय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन। बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने प्रमुख प्रशासकीय अधिकृतलाई जिम्मेवार बनाउनु पर्दछ।

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| मुख्य कार्यक्रम संख्या | १३१ | २३ | २४ | ३ | ८१ |
| सहायक कार्यक्रम संख्या | ५५ | | | | |

**संगठन तथा कर्मचारी व्यवस्थापन**

**प्रशासकीय संगठन र कर्मचारी व्यवस्थापन** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्य बोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीयतहमा संगठन संरचना कायम हुने व्यवस्था छ। पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित ३७ दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुखप्रशाकीय अधिकृत सहित ३१ जना पदपूर्ती भएको देखिन्छ। लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका प्रशासकीय अधिकृत, प्रशासन सहायक पाँचौ प्रशासन सहायक चौथो ,लेखा अधिकृत सहित ६पदहरु रिक्तरहेका छन्। दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिका को समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ। तसर्थ रिक्तपदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनु पर्दछ।

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परीक्षक

CamScanner

**स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन:**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा११बमोजिम स्थानीय तहले आफ्नो क्षेत्र भित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नु पर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगलत तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कन सहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्थाछ। पालिकाले स्थानीय तथ्याङ्क सम्वन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन। स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालन मा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्नेहुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहलहुनु आवश्यक छ। तथ्याङ्क वेगर प्राथमिकतामा राखिएका योजना, वजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख व्यवस्थापनमा ध्यानदिनु पर्दछ ।

**वडा सचिवको पदपूर्ति** :पालिका अन्तर्गतका वडा कार्यालयबाट संचालित सेवा प्रवाहमा महत्वपुर्ण भूमिका रहेका वडा सचिवको दरबन्दी र पदपूर्तिको अवस्था देहाय बमोजिम छ । रिक्त पदहरुको पदपूर्ति गर्नुपर्दछ ।

| वडा संख्या | वड सचिवको दरबन्दी | वडा सचिवको पदपूर्ति | रिक्त वडा सचिव |
|---|---|---|---|
| ९ | ९ | ७ | २ |
| जम्मा | ९ | ७ | २वस |

**सेवा प्रवाहको स्थितिः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा१०२अनुसार स्थानीयतहले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयन मा ल्याउन सक्ने ब्यवस्था अनुसार ८ वटा ऐन, २ वटा नियमावली र १९ वटा कार्यविधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ। यस वर्ष पालिकाबाट निम्न अनुसार सेवा प्रवाह गरेको विवरण प्राप्त भएको छः

| विवरण | जम्मा |
|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | ० |
| **पञ्जिकरणतर्फ** | |
| जन्मदर्ता | ७८६ |
| मृत्युदर्ता | ७७ |
| बसाईसराई दर्ता | १८२ |

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CS CamScanner

| | | |
|---|---|---|
| | विवाह दर्ता | १५८ |
| | सम्बन्धविच्छेद दर्ता | ० |
| | पूर्वाधार विकास सडक निर्माण | |
| | कालोपत्रे सडक निर्माण | ० |
| | कालोपत्रे सडक मर्मत | ० |
| | ग्राभेल सडक निर्माण | ० |
| | सडक मर्मत | ३कि .मी |
| | कच्ची सडक निमार्ण | २५.४ कि मी |

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवा प्रवाह मध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालन मा सन्तोषजनक देखिएन।

**योजना छनौट र कार्यान्वयनः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ वमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त हुने प्रगतिका योजना छनौट गरि प्राथमिकीकरण गर्नु पर्ने व्यवस्था छ। सभा बाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७।७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन। पालिकाले यसवर्ष संचालन गरेका योजना देहाय अनुसार छन्।

| रु १ लाख सम्म | रु १ लाख देखि २ लाखसम्म | रु २ लाखदेखि ५ लाखसम्मका | रु ५लाख देखि १० लाखसम्मका | रु १० लाखभन्दा बढीको | जम्मा |
|---|---|---|---|---|---|
| ७ | १६ | १५ | १८ | ५१ | १०७ |

उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु. एक लाख देखि ६३लाख सम्मका जम्मा१०७ वटा योजना संचालन गरेकोमा रु.१लाख भन्दा मुनिका मात्र ७ वटा योजनाहरु रहेका छन्। त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापन मा खटिनु पर्ने, संचालित योजनाबाट चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभावीन हुने तथा निर्माण कार्यको

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

गुणस्तर मा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ

**खर्च बिश्लेषणः** पालिकाले यस बर्ष कुल आन्तिरक आयबाट रु १५८२७२२ राजस्व बाँडफाँड र अनुदानबाट रु ४८४५८०१४३.५४ समेत र ४८६१६२८६५.५४ आम्दानी भएकोमा चालु तर्फ रु २९२६५९९०८.४६ र पूँजिगत तर्फ रु १४०९१८८६७.०० समेत रु ४३३५७८७७५.४६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.३२ प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सुबिधामा ११२१२५००खर्च भएको छ। यसबाट पालिकाहरुले विकास निर्माण कार्यक्रम संचालनमा न्युन खर्च गरी प्रशासनिक कार्यमा बढि खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

- **कानून निर्माण एवं कार्यान्वयन**

**कानून र सञ्चालन स्थिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा १०२अनुसार स्थानीय तहहरुले आफ्नो अधिकार क्षेत्रभित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ।जस अनुसार स्थानीयतह सञ्चालनको लागि संघीयमामिला तथा सामान्य प्रशासन मन्त्रालय वाट ३० नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यसपालिकाले हाल सम्म ७ वटा ऐन, २वटा नियमावली, १३ कार्यविधि १निर्देशिका लगायत २३ वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ।साथै पालिकाले २३ वटा कानूनहरु निर्माण गरे पनि सबै ऐन कार्यान्वयनमा आएको छैन।

**न्यायीक समिति-** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्यायसम्पादन प्रक्रियाको व्यवस्थागरेको छ।समितिमा परेको उजुरी मध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३महिना भित्र टुङ्गो लगाउ ने व्यवस्था छ।तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गत बर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी ३ र यो बर्ष थप भएको २४ गरी कुल २७ विवाद दर्ता भएकोमा२४ वटा मात्र फछ्र्यौट भई ३ बाँकी देखिन्छ।न्यायसम्पादन प्रक्रियालाई ऐनले तोकेको म्याद भित्र फछ्र्यौट वा कारबाही किनारा गरी

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

टुङ्गो लगाउनु पर्दछ।

**स्थानीय तहका पदाधिकारी सुविधा**:नेपालको संविधान को धारा २२७ मा गाँउसभा तथा नगर सभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानून बमोजिम हुने व्यवस्था अनुसार कर्णाली प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरु को सुविधासम्वन्धी ऐन, २०७५ जारी गरेको छ।उक्त ऐनमा भएको ब्यवस्था अनुसार

पालिकाबाट देहाय बमोजिमरु.११२१२५०० सुविधा वापत भुक्तानी भएको छ।

| सि.नं | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष९ जना | कार्यपालिका सदस्य ६ जना | सभाका सदस्य ३१ जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | मासिम सुविधा | ३०५००० | २५००० | १९००० | १०००० | ५००० | |
| २ | यातायात खर्च | १२००० | | १२००० | ० | ० | |
| ३ | टेलिफोन,मोवाइल | ३००० | ३००० | ३००० | १००० | १००० | |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | ३००० | ३००० | ३००० | १००० | ५०० | |
| ५ | अनुगमन समन्वय तथा सहजीकरण | १५००० | १२००० | ८००० | ५५०० | २००० | |
| ६ | अतिथि सत्कार | ५००० | ४००० | ४००० | १००० | १००० | |
| ७ | खानेपानी/विजुली/ सरसफाई | ७००० | ६००० | २००० | २००० | १००० | |
| ८ | चाडपर्व खर्च | १५००० | १५००० | १५००० | १५००० | ०५००० | |
| | जम्मा | ६०००० | ५०००० | ४७००० | २३५०० | ५५०० | |

**खाना तथा विविध खर्च**- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधार मा विविध खर्च गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले यस वर्ष खाना तथा विविध तर्फ मात्र रु.२०००००।भन्दा बढी खर्चगरेको छ।

**आर्थिक सहायता** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमवाट आर्थिक सहायता,

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्नपाउने व्यवस्था रहेको देखिंदैन। तर पालिकाले यस वर्ष रु.६००००० भन्दा बढी आर्थिक सहायता वितरण गरेका छन्। आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्द छ।

- **अनुदान फिर्ता, वितरण र उपयोग**

- अनुदान फिर्ता – संघीय एवं प्रदेश सरकारको कानून एवं कार्यविधि बमोजिम ती निकायवाट स्थानीय तहमा प्राप्त हुने समानिकरण वाहेकका अनुदान खर्च नभई बाँकी रहेको अवस्थामा सम्वन्धित निकायमा फिर्ता गर्नुपर्ने व्यवस्था रहेको छ । प्राप्त विवरण (सुत्रको अनुसूची १२ र २१) अनुसार २०७७ असार मसान्तमा देहायवमोजिमको अनुदान खर्च नभई बाँकी रहेकोमा फिर्ता गरेको पाइएन ।

| अनुदान प्रदान गर्ने निकाय | अनुदानको प्रकार | प्राप्त रकम | खर्च रकम | बाँकी रकम |
|---|---|---|---|---|
| संघीय सरकार | शसर्त | २२४१८४८४० | १९६५५२७३८ | २७६३२१०२ |
| | विपेश | ० | ० | ० |
| | समपुरक | ३४००००० | ३३०८३०० | ९१७०० |
| | समानीकरण | ७६१००००० | ७२६५३२५० | ३४४६७५० |
| प्रदेश सरकार | शसर्त | ६४९७४३३ | ६४८३९३० | १३५०३ |
| | विपेश | ७८५५१७८ | ७६९१०८० | १६४०९८ |
| | समपुरक | ३९१८०७१ | ३९१८०७१ | ० |
| | वि समानीकरण अनुदान | १००८५००० | ९९३२००० | १५३००० |
| | जम्मा | ३३२०४०५२२ | ३००५३९३६९ | ३१५०११५३ |

वार्षिक खरिद योजना/गुरुयोजनाः सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमा भन्दा वढी रकमको खरिद गर्दा तोकिए वमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ। यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोड भन्दा वढीको खरिद गर्दा गुरुयोजना तयार गर्नु पर्ने नियम ८ ले वार्षिक१०लाख भन्दाबढी को खरिद गर्दा वार्षिक खारिद योजना बनाउनु पर्ने व्यवस्था छ। यसपालिकाले विभिन्नशीर्षक अन्तर्गत वार्षिक रु.१४०९१८८६७। पूँजीगत खर्च/खरिद निर्माण कार्यगरेको छ। तर पालिकाले आफ्नो खरिद नियमावली बनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो। अतःपालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुप र्दछ।

उपेन्द्र ... अन्तरिक लेखा ...

२ राजश्व कम दाखिलाः आर्थिक कार्यविधि निमावली २०६४ को नियम ९ को ६ बमोजिम जिम्वेवार ब्यात्तीले आफ्नो जिम्मामा आयको सरकारी नगद सोही दिन दाखिला गरी स्रेस्ता खडा गर्नु पर्ने ब्यावस्था छ । निम्न वडा र शाखाको उठेको राज्व भन्दा कम राजश्व दाखिला गरेको देखियकाले दाखिला गर्न बाँकी राजश्व सम्बन्धितबाट असुल गरी संचित कोषमा दाखिला गर्नु पर्ने रु

| क स | वडा न | आम्दानी | संचित दाखिला | दाखिला बाँकी /वढी |
|---|---|---|---|---|
| १ | वडा न.१ | १७७४४२ | १६५६५० | ११७९२ कम |
| २ | वडा न.२ | ८६३४७ | ८५५६७ | ७८० कम |
| ३ | वडा न३ | ७१८५६ | ७२९२२ | १०६६ वढी |
| ४ | वडा न.४ | ६१४६९ | ६०५५८ | ९११ कम |
| ५ | वडा न.५ | १०२२०३ | १००३७७ | १८२६ असुल |
| ६ | वडा न.६ | १२३८९८ | १२६८९३ | २९९५ वढी |
| ७ | वडा न.७ | ९३३०० | ९२९५५ | ३४५ अशुल |
| ८ | वडा न.८ | ११२८९४ | ११२८९४ | ० |
| ९ | वडा न.९ | ९७०५३ | ९६५५५ | ४९८ अशुल |
| १० | गापा आन्तरिक आय | ९३१७० | ८८१५० | ५०२० कम |
| ११ | एम्वुलेन्स | १३०००० | १३०००० | ० |
| १२ | कृषि शाखा | ३३६०० | ३३६०० | ० |
| १३ | पशु शाखा | ९७३८३ | ६९६१० | |
| १४ | गिट्टी वालुवा | ६०६०० | ४५८०० | १४८०० कम |
| १५ | अन्य | ३०११९१ | ३०११९१ | ० |
| | जम्मा | १६४२३०६ | १५८२७२२ | ५९५८४ कम दाखिला |

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

**सवारी साधन खरिद** - स्थानीय सरका र सञ्चालन ऐन,२०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीवाट मात्र सवारी साधन खरिद गर्नु पर्दछ ।अर्थमन्त्रालयको स्थानीय तहमाबजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पतीहस्तान्तरण सम्बन्धी निर्देशिका,२०७४ को निर्देशननं. ५.१५अनुसार नेपाल सरकारवाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ।लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले २ थान दुई पांग्रे सवारी साधन खरिदमा रु४२२१६६०।वजेटबाट खर्चगरेकोछ।

| सि.नं | सवारी साधन | संख्या | रकम |
|---|---|---|---|
| १ | मोटर साइकल | ३ | ८१६४०० |
| २ | जे सि वी | १ | ३४०५२६० |
| | जम्मा | | ४२२१६६० |

- कर दस्तुर एवं आन्तरिक आय

**आयको अनुमानः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ।पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आय तर्फ मालपोत, कर, सेवाशुल्क, दस्तुर वापत अनुमानित रु.१५०००००।प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७७।७८ मा रु.१५८२७२२ अर्थात अनुमान भन्दा ५.५१ प्रतिशत बढी आय प्राप्त गरेको छ।आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथ परक बनाई आय आर्जन बृद्धि गर्ने तर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ।

**आन्तरिक आयः** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ कोदफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमानिर्धारण समितिले पालिकामा प्राप्तहुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्नसक्ने व्यवस्था छ।पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ।

| केन्द्रिय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९०३७७९४५ | १५८२७२२ | ०.५४ |

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानवाट भएको खर्च को तुलनामा आन्तरिक आयको हिस्सा ०.५४ प्रतिशत मात्रर हेकोछ। त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्ने तर्फ ध्यान दिनु पर्ने देखिन्छ।

**कर तथा शुल्क असुली** - स्थानीयसरकारसंचालनऐन, २०७४कोदफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| आय शीर्षक | अनुमान | असुली | असुली प्रतिशत |
|---|---|---|---|
| एकीकृत सम्पतीकर | | 0 | 0 |
| भुमिकरमालपोत/ | ३५०,०००। | ३७१७७८ | |
| घर वहाल कर | ५००००। | ५०१२५ | |
| | | | |
| अन्य सेवाशुल्क तथा बिक्री | ५०००००। | ५२५००० | |
| सिफारिश दस्तुर | ५००००० | ४५७५९८ | |
| अन्य स्रोत वाट | १००००० | १७८२२१ | |
| **जम्मा** | १५०००० | १५८२७२२ | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क वुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ ।

**राजश्व अभिलेख**: कार्यालयले राजस्वको अभिलेख अध्यावधिक गरी सोको लेखापरीक्षण गराउने जिम्मेवारी कार्यालय प्रमुखको हुने व्यवस्था रहेको छ। पालिकाबाट रसिद ठेलिहरु छपाई गरेर वडाकार्यालयमा पठाउने गरेकोमा सो कोपुरा अभिलेख पालिकामा आएको देखिएन। अधिल्लो आ.व.को वाँकी के कति छन एकिन गर्न सकिएन। कार्यालयवाट सवै वडाहरुमा पनि स्वचालितप्र णालि जडान गरी राजस्व संकलन गर्ने तर्फ कार्यालयको ध्यान जानु पर्दछ। यसले गर्दा व्यक्तिहरुले छुट्टै रसिद छपाउने जोखिम विद्यमान रहन्छ। यसको सम्वन्धमा यसै कार्यालय वाटै छानविन गर्नु पर्दछ। अत:कार्यलयले आगामी दिनमा र सिद नियन्त्रण तथा राजश्व असूलीलाई स्वचालित प्रणाली मार्फत ब्यवस्थापन सम्वन्धमा विशेषध्यान पुऱ्याउनु पर्ने देखियो।

**राजश्व दाखिला** :आर्थिक कार्य बिधि नियमावली २०६४को नियम ९ (६) बमोजिम जिम्मेवार व्यक्तिले आफ्नो जिम्मामा आएको सरकारी नगद सोहीदिन दाखिला गरी स्रेस्ता खडा गर्नुप र्ने व्यवस्था

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

छ। साथै सोही ऐन अनुसार तोकिएको समयमा राजश्व रकम दाखिला नगरेमा सम्वन्धित तालुक कार्यालयले१०दिन सम्म ढिलागरे को भए १० प्रतिशत, १५ दिन सम्म ढिला गरेको भए१५प्रतिशत जरिवाना गरी सो समेत दाखिला गर्न लगाउने र १५ दिन भन्दा ढिलो गरेको भए २५ प्रतिशत जरिवाना गरी नगद दाखिला गर्न लगाई कसूरको मात्रा अनुसार प्रचलित कानून वमोजिम विभागीय कारवाही समेत गर्न गराउन सक्ने व्यवस्था छ। कार्यालय अन्तर्गत ९ वटा वडापालिका प्राप्त गरेको राजश्व रकम ऐनमा भएको व्यवस्था अनुसार तोकिएको अवधि भित्र दाखिला गरेको छैन। यसरी ढिला हुने गरी राजश्व रकम बैंक दाखिला भएको अवधिको कार्यालयले छानविन गरी, जरिवाना रकम असुल गर्नुपर्ने देखिन्छ। कार्यालयले सम्पूर्ण वडाकार्यालयहरुले प्राप्त गरेको आन्तरिक राजश्व रकम र वैकमा दाखिला गरेको विवरण मा कार्यालयले विशेष ध्यानदिनु पर्दछ।

**पेश्की बाकी** :आर्थिक कार्यविधि नियमावली २०६४ को नियम ७४(३) मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फछर्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने व्यवस्था छ । निम्नानुसार पेश्की गएको रकम आर्थिक वर्षको अन्त्य सम्मपनि फछर्यौट नभई रु ७३४२३००पेश्की रहेको देखियो । जुन निम्न छन।

| शिर्षक | म्याद ननाघेको | म्याद नाघेको | जम्मा |
|---|---|---|---|
| कर्मचारी | ५०००००० | १५००० | ५१५००० |
| ठेकेदार | ३३०८३०० | ० | ३३०८३०० |
| संस्थागत | ११९७००० | ० | ११९७००० |
| उपभोक्ता समिती | २२९५००० | ० | २२९५००० |
| व्याक्तिगत | ० | २७००० | २७००० |
| जम्मा | ७३००३०० | ४२००० | ७३४२३०० |

**व्यवसाय कर** - स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्रभित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय करउठाउनू पर्ने व्यवस्था रहेको छ। यस वर्षपालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत कुनै पनि कर संकलन नगरेको पालिका को क्षेत्रभित्र रहेका व्यवसायीहरु को अभिलेख अध्यावधिक गरेको छैन। तसर्थ पालिकाले आफ्नो क्षेत्र भित्र

उपेन्द्र प्रसाद दुंगाना
अन्तरिक लेखा परीक्षक

| | |
|---|---|
| सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायरा भित्र ल्याउनु पर्दछ। | |
| • **उपभोक्ता समिति मार्फत कार्य** | |
| **प्राविधिक बिल र कार्यसम्पन्नः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३(१) मा खरिद सम्झौता अनुसार सार्वजनिक निकायले रनिङ विल वा अन्य कुनै बिल विजक को भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्य सम्पादनको आधारमा भुक्तानी गर्नु पर्ने व्यवस्था रहेको छ। उपभोक्ता समितिहरु बाट सञ्चालित योजनाको ठेक्का विलहरुमा लागत अनुमान र वास्तविक काम कोमूल्याङ्कन मा बरावर परिमाण र रकम उल्लेख भएको देखिन्छ। लागत अनुमान वरावर नै मूल्याङ्कन भएको देखिएकाले वास्तविककाम कति भएको हो भन्ने सम्बन्धमा आश्वस्त हुन सक्ने अवस्था देखिएन। प्राविधिकले पेश गर्ने कार्य सम्पन्न प्रतिवेदनमा कार्यसम्पन्न गर्नु पर्ने मिति र कार्य सम्पन्न भएको मिति लगायतका इन्जिनियरिङन म्सअनुसार विलमा खुलाउनु पर्ने तथ्याङ्क उल्लेख गरेको पाईएन। यसले गर्दा कुन काम कहिले सम्पन्न गर्नु पर्ने र तोकिएको अवधिमा सम्पन्न भए/नभएको विषयमा यकिन हुन नसकिएको हुँदा प्राविधकले इन्जिनियरिङ नम्र्स अनुसारको उपभोक्ता समितिको बिल बनाउँदा नाप जाँचलाई वास्तविक कार्यसम्पादन मा आधारित बनाउनु पर्दछ। | |
| **हेभी इक्विपमेण्टको प्रयोग**– सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ को नियम उपनियम (९) मा उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा डोजर, एक्साभेटर, लोडर, रोलर, ग्रेडर जस्ता हेभी मेशिन री प्रयोग गर्न नमिल्ने व्यवस्था छ। सो नियमावलीको प्रतिबन्धात्म क वाक्यांश मा लागत अनुमान तयार गर्दाको समयमा हेभी मेशिन प्रयोग गर्नुप र्ने जटिल प्रकृतिको कार्यभनी उल्लेख भएको रहेछ भने सम्वन्धित प्राविधिकको सिफारिश मा सार्वजनिक निकायबाट सहमतिलिई त्यस्ता मेशिन प्रयोग गर्न सकिने उल्लेखछ। पालिका अन्तर्गत सञ्चालित अधिकांश सडक निर्माण तथा स्तरोन्नति सँगसम्वन्धित योजनाका उपभोक्ता समितिहरुले डोजर, एक्साभेटर लगायतका हेभीमेशिन प्रयोग गर्ने गरेको पाइएता पनि नियमावलीको व्यवस्था वमोजिम सम्वन्धित प्राविधिकको सिफारिश गराई गाउँकार्यपालिकाको कार्यालयबाट सहमतिलिएको पाइएन। यस का केही उदाहरणहरु यसप्रकार रहेका | |
| **शिक्षक दरवन्दी र पदपूर्ति** - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरवन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका ४० सामुदायिक विद्यालयहरुको शिक्षक दरवन्दी र पदपूर्तिको अवस्था एवं विद्यार्थीको संख्या निम्नानुसार रहेको देखिन्छ । | |

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

| सि.नं. | विद्यालय | शिक्षक दरबन्दी | | पदपूर्ति | | पदपूर्ति मध्ये करार | विद्यार्थी संख्या |
|---|---|---|---|---|---|---|---|
| | | स्वीकृत | राहत | स्वीकृत | राहत | | |
| १ | प्रा वि | ६५ | ३४ | ५३ | ३४ | १२ | ६६७९ |
| २ | निमावि | १३ | १३ | ६ | १३ | ७ | |
| ३ | मावि | ५ | ७ | ५ | ७ | ० | |
| ४ | उमावि | ३ | ५ | ३ | ५ | ० | |
| जम्मा | | ८६ | ५९ | ६७ | ५९ | १९ | |

दरवन्दी वमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ ।

**औषधी खरिद**- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँ सम्मको औषधि जन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको विक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भएछ। तर स्थानीय तहहरुले उक्त प्रक्रिया वेगर रु.१५०००००।०० का औषधि सोझै खरिद गरेको छ। यस सम्बन्धी देखिएको व्यहोराहरु निम्ननुसार छन,

खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीवाट उत्पादन भएकोहो र सो को मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,

आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनु पर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्वन्धित विषय विज्ञवाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,

आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनु अघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।

औषधिको जिन्सी किताबमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,

औषधिको खर्च घटाउदा माग फारामको आधारमा घटाउनु पर्ने एकमुष्ट घटाउने गरेको ।

तसर्थ औषधिकोख रिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्तर अनुसार कै औषधि प्राप्तभएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्य मा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्ने तर्फ ध्यानदिनु पर्दछ।

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

**प्रधानमन्त्री रोजगार कार्यक्रम**- स्थानीय तहमा सूचीकृत वेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम समुदायिक पूर्वाधारहरु को विकास मार्फत नागरिकको जीवन यापनमा सुधार ल्याउने उद्देश्यले स्थानीय तह भित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ।प्रधान मन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१ ) वमोजिम नगरपालिकाले वेरोजगार को तथ्याङ्क अद्यावधिक गरेर , सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकताक्रम अनुसार, कामका लागि रोजगार कार्य क्रम मा संलग्न गराई रोजगारी दिनु पर्ने व्यवस्था रहेकोमा, कार्यालयले वेरोजगार को तथ्याङ्क अद्यावधिक गरेको छ ।वेरोजगार को सूचिमा समावेशलाई प्रथमिकिकरण गरेको छ।कामकालागी रोजगार कार्यक्रम कार्यान्वयनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरु को पालना नगरी योजनाको छनौट अगावै औजार खरिद भएको, खरिद भएको औजारहरुको जिन्सीदाखिला भएको, तर अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन्।साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वयन भएको पाईएन।यस कार्यक्रम अन्तर्गत स्थानीय तह भित्रका ९ वटै वडाहरु मा सडक नाला, मोटर वाटो,, लगायतका कार्यक्रम सञ्चालनख गरी यस वर्ष.६०८ जनालाई रोजगारी उपलव्ध गराई रु ३०३०८६०८ छ।लक्षित वर्गलाई न्युनतम ६०देखि १०० दिन सम्म रोजगा री उपलव्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्चसमेत खर्चले खेका छन्।उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारीसृ जना भएता पनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन।

कन्टिन्जेन्सी खर्चको अभिलेख

**कन्टिन्जेन्सी खर्चको अभिलेखः** सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमान को ५ प्रतिशतमा नवढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थमन्त्रालयको मिति२०७०।१।१५को निर्णय अनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशत भन्दा नवढ्ने गरी खर्चगर्न सकिने ब्यवस्था गरेको छ।कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रम मा प्रत्येक कार्यक्रम खर्चवाट २२,९४,२१६।०० प्रतिशतका दरले बिलवाट यस्तो रकम कट्टी गर्ने गरेको छ।कार्यालयले आ.व २०७७/७८ मा कन्टीन्जेन्सी बापत रु २२९४२१६।००खर्च गरेको छ । यसरी कट्टी गरेको रकम को कार्यक्रम गत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन।

**कार्यसम्पन्न प्रतिवेदन** -सार्वजनिक खरिद नियमावली, २०६४ को नियम१२५(२)मा कुनै निर्माण कार्य सम्पन्न भई त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखापरिक्षक

CamScanner

सम्पन्न प्रतिवेदन तयार गर्नु व्यवस्था छ । यस स्थानीय तहले उल्लिखित कानूनी व्यवस्था बमोजिम त्रुटी सच्याउने दायित्वको अवधि समाप्त भएपछि कार्य सम्पन्न प्रतिवेदन तयार गरेको पाइएन । कानूनी व्यवस्थाको पालना नभएकोले त्यस्तो निर्माण कार्य स्वीकर्त ड्रइङ डिजाइन वा स्पेसिफिकेशन बमोजिम भए नभएको यकिन हुन सक्ने अवस्था दिखएन ।

**सार्वजनिकपरीक्षण** -स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ बमोजिम स्थानीय तहले सार्वजनिक सेवाप्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिम को सवै निर्माण कामको कार्य भएको पाइएन। सार्वजनिक परीक्षणको अभावमा आर्थिक कारोबारमा जवफदेहिता र पारर्दशिता को प्रवद्र्धन गर्ने कार्यमा बाधा पर्ने देखिन्छ।

**धरौटी खाता:** आर्थिक कार्यविधि निमावली २०६४ अनुसार धरौटी खातामा रहने रकम प्रत्यक कार्यालयले महालेखा नियन्त्रकको कार्यालय वा सम्वन्धित कोष तथा लेखा नियन्त्रको कार्यालय ले तोकियको बैकमा खाता खोली धरौटी राख्नु पर्ने छ । यस कार्यालयले खोलेको धरौटी खातामा रहेको विवरण निम्न पाईयो । आ व २०७७/७८ को धरौटी सम्वन्धी विवरण

| क स | विवरण | रकम |
|---|---|---|
| १ | गत आ व को अल्या | १००२५८७ |
| २ | २०७७/७८को जम्मा भएको धरौटी | २९१९३३ |
| ३ | धरौटी फिर्ता भएको रकम | १०६००० |
| | जम्मा बाँकी धरौटी रकम | ११८८५२० |

## समानीकरण चालुतर्फ

**भ्रमणखर्च:** ञ

सँग सम्बन्धित नगर/गाँउपालिकाको विभिन्न वडा योजना अनुगमन गएको कर्णालि प्रदेश अन्तर्गतका स्थानीयतहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयकोका मा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् ।

उपेन्द्र प्रसाद ढुंगाना
अन्तीरक लेखा परिक्षक

CamScanner

- अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालय कै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिए को।
- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्वन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात त्तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी अधिकांश भ्रमणको भ्रमण खर्च भुक्तानी गर्ने गरेको।
- कतिपय भ्रमणहरु पालिका वा कार्यालय जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको।
- स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेशस्वीकृत गरी भुक्तानी गर्ने गरेको।

अतःस्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थावाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यानदिनु पर्दछ।

**अनुगमन भत्ता:** गाउँपालिकाका पदाधिकारी र कर्मचारीले भ्रमण खर्च निमावली २०६४को १०अनुसार दैनिक भत्ता तथा भर्मण खर्च भुक्तानी सम्बन्धी व्यवस्था अनुसार एक जिल्लाबाट अर्को जिल्ला वा सोही जिल्लाको एक कार्यालय बाट अर्को कार्यालय २० कि मी भन्दा बढी दुरीको कार्यालयमा सरुवा बढुवा वा कायम मुकायकम भईजाने पदाधिकारी र कर्मचारीले दैनिक भर्मण भत्ता पाउने व्यवस्था छ ।तोकिएको अवस्थामा पाउने दैनिक भत्ता र भ्रमण खर्च बाहेक गाउँपालिकाको क्षेत्र भित्रका तालिम तथा योजनाहरुको अनुगमन गर्दा भत्ता सविधा पाउने कुनै ब्यावस्था छैन ।गाउँपालिकाका अध्यक्ष उपाध्यक्ष तथा कर्मचारीलाई योजना र वडा कार्यालय अनुगमन भनि भत्ता भुक्तानी गरेको पाईयो ।

**सामाजिक सुरक्षातर्फ**

सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि¸ २०७५ को दफा २२ मा मन्त्रालयको स्वीकृति बिना हातहातै नगद वितरण गर्न नपाइने व्यवस्था छ । तर कार्यालयले ९ वडामा रु ७६७६०००वितरण गरेको विवरण पेश गरेको छ । कार्यालयमा कार्यक्रम सञ्चालन कार्यविधि¸ २०७५ ले तोके अनुसार वैंक मार्फत भूक्तानी नगरी रु ७६७६००० वितरण गरेको छ । कार्यविधिमा तोके अनुसार रकम भूक्तानी गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्छ ।

**विपद् व्यवस्थापन**

**समिति गठन**) को दफा २०७४¸विपद जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन -१७मा प्रत्येक १( जना सदस्य रहेको स्थानीय विपद व्यवस्थापन १५ स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

समिति गठन गर्नुपर्ने व्यावस्था बाट पालिकाले ऐनमा तोकिए वमोजिमको समिति गठन गरेको समिति गठन भएतापनि ४ वटा बैठक बस्ने बाहेक अन्य कार्य गरेको पाइएन । ऐनमा तोकिए वमोजिम समिति गठन गरी तोकिएको काम कर्तव्य र अधिकारमा सक्रिय , बनाउनु पर्दछ ।

**वार्षिक प्रतिवेदन**– विपद जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐनमा स्थानीय ४५ को दफा २०७४ , विपद व्यवस्थापन समितिलेप्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद व्यवस्थापन समिति तथा प्रदेश विपद व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्वन्धित समितिमा पेश गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ ।

**सरकारी तथा सार्वजनिक जग्गा संरक्षण–उपयोग तथा हक हस्तान्तरण** , स्थानीय सरकार सञ्चालन ऐन , २०७४ को दफा ९७ मा गाउँपालिका तथा नगरपालिकाले आफ्नो क्षेत्रभित्रको सरकारी सामुदायिक तथा सार्वजनिक सम्पतिको रेखदेख , मर्मत सम्भार र संरक्षण गर्नुपर्ने व्यवस्था छ । यस सम्वन्धमा निम्ननुसार देखिएको छः

पालिकाले आफ्नो क्षेत्रभित्रको सार्वजनिक सम्पतिको मर्मत सम्भार एवम् संरक्षण गरेको\अभिलेख राखेको पाइएन । पालिकाले आफ्नो क्षेत्रभित्रको सम्पतिको रेखदेख मर्मत सम्भार एवम् संरक्षण गर्न\गराउन अभिलेख राख्नु पर्दछ ।

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९७ मा सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने कार्यनीति, २०७१, वन क्षेत्रको जग्गा प्रत्योगको सन्दर्भमा प्रचलित वन कानुन अनुसार राष्ट्रिय प्राथमिकता प्रास आयोजनाको लागि नेपाल सरकारको निर्णय र स्थानीय तहले निजी जग्गा प्राप्ति गर्नुपरेमा जग्गा प्राप्ति ऐन, २०३४ अनुसार स्थानीय तहले सरकारी जग्गा संरक्षण, सरकारी जग्गा दर्ता तथा लिजमा लिने, वन क्षेत्रको जग्गा प्रयोग गर्ने तथा निजी जग्गा प्राप्ति गर्ने व्यवस्था छ । उपर्युक्त कानुनी व्यवस्था वाहेक अन्य प्रकृयाबाट गरिने सरकारी सम्पतिको हक हस्तानतरण बेचविखन, वितरण र उपयोग जस्ता निर्णय कार्य प्रचलित कानुन विपरित हुने र उल्लेखितन प्रकृया वेगरको निर्णय कार्यान्वयन नगर्ने व्यवस्था छ ।

**गाउँपालिका चालु**

गो भो न ५४२ मिति २०७८।३।२३ निवेदक श्री राम जि दैलेखिलाई विना कागजातका आधारमा रु २लाख भुक्तानि लियकाले आवश्यक कागजात पेश गरी नियमित गर्नु पर्ने
गो भौ न ५३८ मिति २०७८।३।२२ पोते बुनाई कार्यक्रममा उपस्थित कर्मचारी र जन प्रतिनिधिलाई भत्ता बापतको रु १०२०० को भर्पाईमा दस्तखत नगराई भुक्तानी लिइकाले अशुल गर्नु पर्ने देखिन्छ ।र १० जनालाई ५ दिनको खाना खर्च ७६३९० देखिएकाले छान विन गर्नु पर्ने देखिन्छ ।

**बढी भुक्तानीः** नेपाल सरकार अर्थ मन्त्रालय कार्य सञ्चालन निर्देशिका, २०७५ को दफा ७.१.१५ मा

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

गाउँपालिकामा तालिम कार्यक्रम सञ्चालन गर्दा प्रशिक्षकलाई प्रति सेशन(घण्टी) रु.७००।०० को दरले र कार्यपत्र वापत रु. १४००।०० भुक्तानी गर्नुपर्ने उल्लेख छ । देहायको भौ.नं./मिति बाट निम्नानुसारको तालिम सञ्चालन गर्दा प्रशिक्षकलाई नर्म्स भन्दा बढी भुक्तानी दिएको छ ।

गो भौ न ५३८ मिति२०७८/३/२२पोते बुनाई कार्यक्रम अन्तर्गत निवेदक श्री शारदा वलीले प्रशिक्षक ममता शाहालाई १० सेसनको ७०००दिनु पर्नेमा १५०००भुक्तानी भएकाले आवश्यक कागजात हेरी नियमित गर्नु पर्ने रु ७०००

- 
- गो भौ न ५७६ मिति २०७८।०३।२७ निवेदक श्री शारदा वलीले जेष्ठ नागरिकलाई रेडियो वितरण कार्यक्रम अन्तर्गत माग फाराम खरिद आदेश र दाखिला विना नै समान खरिद गरि वितरण गरेकाले आवश्यक कागजात पेश गर्नु पर्ने रु ९७८५०
- गो भौ न ५७५ मिति २०७८।३।२६ बहुक्षेत्रिय पोक्षण कार्यक्रम अन्तर्गत निवेदक श्री विवेक कुमार शाहीले रु३७४००को भुक्तानीमा दाखिला मागफारम नगरी रकम भुक्तानी लियकाले आवश्यक कागजात पेश गरी नियमित गर्नु पर्ने
- गो भौ न ५७४ मिति २०७८।३।२६ बहुक्षेत्रिय पोक्षण कार्यक्रम अन्तर्गत सुनौला हजार दिनका आमालाई पोशिलो झोला वितरण मा निवेदक श्री विवेक कुमार शाहीले रकम भुक्तानी लिदा आवस्यक कोटेशन पेश नगरी रु २८८००० रकम भुक्तानी लिएकाले आवश्यक कागजात राखि नियमित गर्नु पर्ने

मुख्यमन्त्री रोजगार कार्यक्रम

.

कोरोना रोकथाम नियन्त्रण र उपचार कार्यक्रम ८०६५९५०३३००६०१ चालु

खरिद कार्यको अभिलेखः सार्वजनिक खरिद नियमावली बमोजिम हरेक खरिद कारबाहीको छुट्टै फाइल खडा गरी राख्नु पर्ने, फाइलमा तोकिएका विभिन्न कागजात राख्नु पर्ने व्यवस्था गरेको छ । यस कोरोना रोकथाम नियन्त्रण र उपचार कार्यक्रममा पालिकाले नियममा उल्लेख गरे अनुसार अभिलेख राखेको

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner

पाइएन । नियमले तोके अनुसार अभिलेख राख्ने व्यवस्था गर्नु पर्दछ । यस पालिकाले गरेको खर्चको अवस्था निम्न अनुसार पाईयो

-भारतबाट आयका ब्याक्तिको लागी भएको खर्च रकम सम्वन्धि विल भर्पाईमा भएको सामानको खरिद आदेश दाखिला माग फाराम र अन्य खरिद गरेका सामान स्टोरमा पुर्णमात्रामा नभएको पाईएकाले कागजात र समान नियमित गर्नु पर्ने देखिन्छ ।

-गा पा का विभिन्न वडामा कोरोना महामारीको समयमा राहत सामाग्री वितरण गर्दा कुन वडामा कति वितरण गरियो भन्ने यकिन नभएको वडा सिफारिस समेत नभएको आवश्यक कागजात समेत पेश नगरेको देखिन्छ ।ञ

-क्वारेन्टाईनमा बसेका ब्याक्तिको लागी भएको खर्चेको विबरणमा खर्च भएर जाने र नजाने समानको मागफाराम दाखिला खरिद आदेश विना नै ११२६८६० रुपैया बराबरको समान खरिद गरिएको र कोटेशन विना नै समान खरि भएकाले आवश्य कागजात पेश गर्नु पर्ने देखिन्छ ।

-कोरोना रोकथामको लागि शिवालय गा पा ७को जुगाथापाचौर मा क्वारेन्टाईनामा वसेको ब्याक्तिको लागि खरिद गरिएको सामान खरिद आदेश माग फाराम दाखिला विना नै न रु २५३५३५ बराबरको समान को भुक्तानी दिएकाले आवश्यक छानविन गरि कागजात पेश गर्नु पर्ने देखिन्छ ।

- कोरोना रोकथाम तथा नियन्त्रणको लागि शिवालय गा पा वडा न १ स्यापी मा भारतबाट आयका ब्याक्तिलाई लागेको खर्चको सामानको दाखिला मागफाराम खरिद आदेश विना नै रु ६०८५७५ रकम भुक्तानी भएकाले आवश्य समानको छानविन गरी नियमित गर्नु पर्ने देखिन्छ ।

- गो भौ न २५ मिति २०७७ कोरोना प्रकोप ब्याव्थापनको लागी निवेदक श्री उदय बहादुर राना रु ५०००००को पेश्कि रकम भुक्तानी भएको र समयमै पे फ नभएकाले पे फ गर्नु पर्ने देखिन्छ ।

उपेन्द्र प्रसाद ढुंगाना
अन्तरिक लेखा परिक्षक

CamScanner